फोन नं. ०३३४०३०६३
E- kalyanpurmun2073@ gmail.com
web site- kalyanpurmun.gov.np

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०७९।०८०

मिति :-२०७९।०९।०६

विषयः- किसान सुचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ता छनौटका लागि आवेदन दिने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा कल्याणपुर नगरपालिका, कृषि विकास शाखाको आ. व. २०७९/०८० को सशर्त अनुदान तर्फको कृषक दर्ता व्यवस्थापन कार्यक्रम अनुसार किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अन्तर्गत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (१) कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ । साथै उक्त किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि जारी गरिएको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को परिच्छेद-७ को दफा १५ को उपदफा २ मा व्यवस्था भए बमोजिम किसान परिवारको लागि वैयक्तिक तथा कृषि तथ्याङ्क संकलन र प्रविष्टको लागि सहजकर्ता छनौट गर्ने प्रावधान भए अनुसार यस नगरपालिकाका वडा नं. ४, ११ र १२ वडा छनौट गरी किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम देहायमा उल्लेखित पदपुर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । सहजकर्ताको सेवा सुविधा परिच्छेद-७ को दफा २० को उपदफा २ मा व्यवस्था भए बमोजिम हुनेछ । म्याद नाघि वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारबाही हुने छैन ।

देहाय

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | कृ.से.०१/०७९/०८० | किसान सूचिकरण सहजकर्ता | ११ | |

क) परिक्षा दस्तुरः- रु ५००।-

ख) न्यूनतम योग्यताः- कम्तिमा १२ कक्षा वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको ।(सम्बन्धित वडाका स्थायी वासिन्दा,स्मार्टफोन, ट्याबलेट वा ल्यापटप साथमा भएको, इन्टरनेट चलाउन सक्ने र इमेल ID भएको व्यक्तिलाई प्रागमिकता दिइनेछ)

ग) छनौट किसिमः- किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार हुनेछ ।

घ) मासिक तलबः- किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार हुनेछ ।

ङ) दरखास्त दिने स्थानः- कल्याणपुर नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय,सिरहा ।

च) दरखास्त दिने अन्तिम मितिः- २०७९/०९/२०

छ) सम्पर्क मितिः- २०७९/०९/२१

ज) परीक्षा मितिः- सम्पर्क मितिमा तोकिने छ ।

झ) आवेदन साथ संलग्न कागजातहरुः- राजश्व तिरेको रसिद सहित आवेदन स्वयंले प्रमाणित गरेको देहाय बमोजिम आवश्यक योग्यताः-

-न्युनतम १२ कक्षा पास गरेको ।

- इन्टरनेट चलाउने सक्ने

-एन्ड्रोइड वा स्मार्टफोन वा ल्यापटप भएको ।

आवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

२०७९।९।६
विष्णु रञ्जन बराल
प्रमुख प्रशासकिय अधिकृत

फोन नं. ०३३४०३०६३
E- kalyanpurmun2073@ gmail.com
web site- kalyanpurmun.gov.np

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल

- रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन ।
- नेपाली नगरिकताको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रामाणपत्रको प्रतिलिपी ।
- सम्बन्धित वडाको हो भनी वडा कार्यालयको सिफारिस ।

ञ) सेवा सुविधा :- कल्याणपुर नगरपालिका करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

ट) उमेरको हदः- पुरुषको हकमा (१८-३५ वर्ष) र महिलाको हकमा (१८-४० वर्ष ) उमेर समुहले आवेदन दिन सक्नुहुनेछ।

(ठ) आवेदनको ढाँचा लगायत अन्य जानकारीका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला वा कल्याणपुर नगरपालिकाको फेसबुक पेजमा वा कार्यालयको ईमेल ठेगाना kalyanpurmun2073@gmail.com फोन नं. 033403063 मा सम्पर्क राख्नुहोला वा वेवसाइट www.kalyanpurmun.gov.np मा हेर्नुहोला साथै अन्य थप जानकारीका लागि कृषि मन्त्रालयको वेबसाइट www.moald.gov.np मा किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" हेर्नुहुन अनुरोध छ ।

विष्णु रंजन बराल
प्रमुख प्रशासकिय अधिकृत

विष्णु रञ्जन बराल
प्रमुख प्रशासकिय अधिकृत